# शिखर इन्स्योरेन्स कम्पनी लि.

२०औं

वार्षिक साधारण सभा

को

निर्णय

शिखर बिज सेन्टर, थापाथली, काठमाडौं, नेपाल ।

फोन नं. ५३४६१०१, ५३४६१०२

पोष्ट बक्स नं. १०६९२,

## १. वैधानिक सभा :

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको २०औं वार्षिक साधारण सभा कम्पनीको संचालक समितिका अध्यक्ष श्री गौरव अग्रवालज्यूको सभापतित्वमा कम्पनीको केन्द्रिय कार्यालय भवन, शिखर बिज सेन्टर, थापाथलीमा मिति २०८१ फाल्गुन १३ गते मंगलबार विहान ११:०० बजे प्रारम्भ भई दिउँसो ३:०० बजे सम्पन्न भयो ।

## २. सूचना प्रकाशन :

सभा हुने मिति, स्थान, समय र छलफल गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०८१ फल्गुन १३ गते अगावै संचालक समितिको वार्षिक प्रतिवेदन, आ.व. २०८०।८१को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाइएको तथा कम्पनीको वेबसाइटमा समेत शेयरधनी महानुभावहरुको जानकारीको लागि उपलब्ध गराइएको र संक्षिप्त आर्थिक विवरण सहित साधारण सभाको सुचना मिति २०८१ माघ २२ गते र २०८१ माघ २९ गते नागरिक राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी जानकारी गराइएको थियो ।

## ३. (क) संचालकहरुको उपस्थिति :

| | |
|---|---|
| १. श्री गौरव अग्रवाल | अध्यक्ष |
| २. श्री रमेश कुमार लुईंटेल | संचालक |
| ३. श्री सौरभ ज.ब.राणा | संचालक |
| ४. डा. श्रुजना श्रेष्ठ | संचालक |
| ५. श्री दिनेश बज्र बज्राचार्य | संचालक |
| ६. श्री स्कन्द अमात्य | संचालक |
| ७. श्री पुष्कर महत | स्वतन्त्र संचालक |

**(ख) पर्यवेक्षक :**

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रतिनिधि

२. श्री सिडिएससि एण्ड क्लियरिङ लि.बाट प्रतिनिधि

## ४. सभाको गणपुरक संख्या :

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत(%) |
|---|---|---|---|
| शेयरधनी संख्या | ३५५२९ | ७८३ | ३ |
| शेयर संख्या | २६५४९४७२ | १४८२३४१० | ५५.८३ |

## ५. छलफलका विषयहरुको सूची :

**छलफलका विषयहरु**

**१ सामान्य प्रस्ताव**

१.१ आ.व.२०८०।८१ को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी सोलाई पारित गर्ने बारे ।

१.२ आ.व.२०८०।८१ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्ने बारे ।

१.३ आ.व.२०८१।८२ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने बारे ।

१.४ संचालक समितिवाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजी रु.२,६५४,९४७,२०० (साधारण सभाको सूचनामा तथा वित्तीय विवरणमा त्रुतिबस २,६५४,९४७,३०० हुन गएको) मा ०.५२६३ प्रतिशतका दरले नगद लाभांस रु १३,९७३,४०७ (अक्षरेपी रु. एक करोड उनान्चालिस लाख त्रिहत्तर हजार चार सय सात मात्र) पारित गर्ने बारे (प्रस्तावित लाभांसको कर प्रायोजनार्थ)

१.५ कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना परिवर्तन गर्ने बारे ।

१.६ विविध

**२ विशेष प्रस्ताव**

२.१ सञ्चालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजीमा १० प्रतिशतका दरले रु. २६५,४९४,७२० (अक्षरेपी रु. छब्बीस करोड चौवन्न लाख चौरानब्बे हजार सात सय बीस मात्र) को बोनस शेयर पारित गर्ने बारे । (साधारण सभाको सूचनामा त्रुतिबस २६५,४९४,७३० हुन गएको)

२.२ कम्पनीबाट गरिएको चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु अनुमोदन गर्ने वारे ।

२.३ प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने बारे । संसोधित प्रवन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार फेरबदल गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने बारे ।

## ६. सभाको वैधानिकता र सभाको सभापतित्व :

साधारण सभाको कार्यवाही शुरु हुनु अघि कम्पनी सचिव श्री सुरज राजवाहकले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ दफा ७३ तथा कम्पनीको नियमावली बमोजिम प्रक्रिया पुरा गरी सभा बोलाइएको र यो सभा संचालन गर्न आवश्यक गणपुरक संख्या पुरा भै सभाको वैधानिकता कायम भएको घोषणा गर्नु हुँदै संचालक समितिका अध्यक्ष श्री गौरव अग्रवालज्यूबाट सभाको सभापतित्व ग्रहण गर्नुभयो ।

## ७. सभाको संचालन तथा प्रतिवेदन प्रस्तुती :

कम्पनीको २० औं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरु तथा आमन्त्रित महानुभावहरुलाई अध्यक्ष श्री गौरव अग्रवालज्यूले स्वागत गर्नुभयो । कम्पनीका अध्यक्ष श्री गौरव अग्रवालज्यूले आफ्नो संक्षिप्त मन्तव्य सहित कम्पनीको वर्तमान अवस्था विगत आर्थिक वर्षको उपलब्धिहरु, कम्पनीको संचालक समितिबाट सम्पादन भएका कार्यहरुका साथै कम्पनीको भावी योजनाहरु बारेमा संक्षिप्त जानकारी प्रदान गर्नुभयो ।

साधारण सभाको सुरुवातमा कम्पनीको विगतका वर्षहरुको कार्य प्रगतिको समिक्षा तथा आउँदा दिनहरुको योजनाहरुको सम्बन्धमा शेयरधनी महानुभावहरुलाई जानकारी दिनको लागि कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई अध्यक्षज्यूले अनुरोध गर्नुभयो ।

कम्पनीको कार्यप्रगति सम्बन्धि विवरण तथा कम्पनीको विभिन्न योजनाहरु सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत श्री दिप प्रकाश पाण्डेज्यूबाटे निम्नानुसारको जानकारी सभामा प्रस्तुत गर्नु भयो -

- कम्पनी स्थापनाको २० वर्षको समयमा कम्पनीले हासिल गरेको उपलब्धीहरु बारेमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीको विगत आर्थिक वर्षहरुमा बीमा शुल्क आम्दानी, बीमा लेख संख्या, नेट वर्थ, लगानी, दाबी भुक्तानी, शाखा संख्या तथा समग्र वित्तीय अवस्थाको बारेमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीको हालको प्रमुख वित्तीय सुचांक तथा अन्य सुचांकहरुका बारेमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीले नेपालको निर्जिवन बीमा क्षेत्रमा पुऱ्याएको योगदानहरु सम्बन्धमा संक्षिप्तमा जानकारी गराउनु भयो ।
- कम्पनीले चालु आर्थिक वर्ष २०८१।८२ मा आर्जन गरेको बीमा शुल्क आम्दानी तथा अन्य विवरण बारे सभामा जानकारी गराउनुभयो ।
- कम्पनीले २० वर्षको अवधिमा शेयरधनी महानुभावहरुलाई प्रदान गरेको लाभांस तथा बोनस शेयरका बारेमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीले विभिन्न क्षेत्रहरुमा गरेको लगानीको विवरण तथा भविष्यमा कम्पनीले गरेको लगानीबाट प्राप्त हुने प्रतिफल सम्बन्धमा सभामा जानकारी गराउनु भयो ।
- चालु आर्थिक वर्ष २०८१।८२ को आश्विन महिनामा देशभर परेको वर्षाको कारण कम्पनीमा परेको दाबी सम्बन्धमा सभामा जानकारी गराउनुभई कम्पनीले अबलम्बन गरेका पुनर्बीमा नीतिका कारण कम्पनीको वित्तीय अवस्था तथा नाफामा सारभुत असर नपर्ने बारे सभामा जानकरी गराउनुभयो ।
- कम्पनीले नेपालमा कृषि बीमाको विस्तार तथा कृषि बीमादाबी भुक्तानीमा पुऱ्याएको योगदानको कदरस्वरुप नेपाल सरकारबाट उत्कृष्ट बीमा कम्पनीको पुरस्कारबाट सम्मानित गरेको तथा अन्य सम्मान तथा पुरस्कारहरुको बारेमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीको सबल पक्ष, चुनौतीहरु तथा अवसरका बारेमा सभामा जानकारी गराउनुभयो ।
- नेपालको बीमा क्षेत्रमा नयाँ विकासक्रम तथा नयाँ चुनौतिहरु तथा कम्पनीको आगामी रणनीति तथा योजनाहरुका सम्बन्धमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीका विद्यमान अवसर तथा चुनौतीहरु सम्बन्धमा विस्तृत जानकारी गराउनुभई कम्पनीको थप व्यवसायिक विकासको लागि अवलम्बन गरिने योजनाहरुका सम्बन्धमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीको व्यवस्थापन खर्च अन्तर्गतको विभिन्न शिर्षकहरुमा भएको वृद्धि बारेमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीले गरेका चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु सम्बन्धमा जानकारी गराउनुभयो ।
- २० औं वार्षिक साधारण सभामा पेश भएका प्रस्तावहरुका बारेमा सभामा थप जानकारी प्रदान गर्नुभयो ।

**८. छलफलको लागि आह्वान :**

सभाका सभापतिज्यूले आ.व.२०८०।८१ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरणहरु तथा विविध पक्षहरु उपर प्रश्न जिज्ञासा, प्रतिक्रिया, मन्तब्य एवं सुझाव दिनको लागि शेयरधनी महानुभावहरुलाई आह्वान गर्नुभएपछि निम्न बमोजिमका शेयरधनी महानुभावहरुले आ-आफ्नो राय सुझाव एवं प्रश्नहरु सभामा प्रस्तुत गर्नुभयो ।

साधारण सभामा निम्न शेयरधनी महानुभावहरुबाट आफ्ना जिज्ञासा तथा सुझावहरु पेश गर्नुभयो ।

क. श्री सत्रुघन श्रेष्ठ
ख. श्री सुदिप श्रेष्ठ
ग. श्री ब्रम्हदेव शाक्य
घ. श्री जगनाथ आचार्य
ङ. श्री उत्तम दत्त पाण्डे
च. श्री भेष राज भण्डारी
छ. श्री उद्धव प्रसाद घिमिरे
ज. श्री गुण राज भट्ट
झ. श्री चन्द्र नारायण श्रेष्ठ
ञ. श्री बैजु नाथ रौनियार
ट. श्री ब्यास कुमार शाह
ठ. श्री कुबेर श्रेष्ठ
ड. श्री गोभिन्द बहादुर के.सी
ढ. श्री ध्रुब राज न्यौपाने
ण. श्री युगल नारायण बसेल
त. श्रीमती निरुपमा गुप्ता
थ. श्री इन्द्र कृष्ण श्रेष्ठ
द. श्री इन्द्र प्रसाद लामिछाने
ध. श्री राम गोपाल महर्जन
न. श्री उत्सव श्रेष्ठ
प. श्री लभराज जोशी
फ. श्री नसिंङ लाल चंखु
ब. श्री लक्ष्मण बहादुर श्रेष्ठ

शेयरधनी महानुभावहरु प्रस्तुत जिज्ञासा तथा सुझाव

**क. श्री सत्रुघन श्रेष्ठ**
कम्पनीको वित्तीय अवस्था सबल रहेको, विगत एक दशक भन्दा बढी समय देखि नेपालको अग्रणी निर्जिवन बीमा कम्पनीका रुपमा रहेको, मर्जर विना नै बीमा प्राधिकरणबाट जारी २५० करोडको चुक्ता पुँजी कायम गर्न सफल भएको तथा कम्पनीको विभिन्न वित्तीय सुचाकंहरु सबल रहको बारे सभामा जानकारी गराउनुभयो । १० प्रतिशत बोनस शेयर तथा कर प्रयोजनका लागि नगद लाभासं प्रस्ताव गर्नु भएकोमा संचालक समितिलाई धन्यबाद ज्ञापन गर्नभयो । कम्पनीले नाफामा मात्र नभई समयमै विमितहरुलाई दाबी भुक्तानी गरी प्रसंसनीय काम गर्दै आएको जानकारी गराउनुभयो । विभिन्न पुरस्कारहरु प्राप्त गर्न सफल रहेकोमा प्रसन्नता व्यक्त गर्नुभयो र थप पुरस्कार तथा सम्मानहरुको लागि शुभकामना प्रदान गर्नुभयो । शिखर इन्स्योरेन्सले नेपालको ग्रामिण क्षेत्रकमा समेत बीमा विस्तार गर्नका साथै विदेशमा समेत व्यवसाय विस्तार गर्नका लागि शुभकामना व्यक्त गर्नुभयो ।

**ख. श्री सुदिप श्रेष्ठ**
शिखर इन्स्योरेन्सले २० औं वर्षमा प्रवेश गरेकोमा शुभकामना व्यक्त गर्नुभयो । कम्पनीको प्रमुख कार्यकारी अधिकृतबाट कम्पनीको वर्तमान अवस्था तथा भावी योजनाका सम्बन्धमा भएको प्रस्तुतीका लागि धन्यबाद ज्ञापन गर्नुभयो । कम्पनीबाट लिइएको व्यवसायिक रणनीतिले आगामी दिनमा बढी भन्दा बढी लाभांस प्राप्त हुनेमा विश्वस्त

रहेको जानकारी गराउनुभयो । कम्पनीबाट समयमै दाबी भुक्तानी गर्दै आएको तथा १३ प्रतिशतको बजार हिस्सा कायम गर्न सफल रहेको, नेपाल सरकारबाट कृषि बीमा तथा दाबी भुक्तानीमा नेपालको उत्कृष्ट बीमा कम्पनीका रुपमा प्राप्त भएको पुरस्कारका कारण शिखर इन्स्योरेन्स नेपालको उत्कृष्ट बीमा कम्पनीका रुपमा रहेको जानकरी गराउनुभयो । नेपाल सरकारबाट प्राप्त हुन बाँकी रहेको कृषि तथा पशुपक्षिं बीमाको अनुदानको रकम चाँडो भुक्तानी गर्न नेपाल सरकार समक्ष अनुरोध गर्नुभयो ।

**ग. श्री ब्रम्हदेव शाक्य**

यस सभामा कर प्रयोजनका लागि नगद लाभांस सहित १० प्रतिशत बोनस शेयर प्रस्ताव गर्नु भएकोमा हार्दिक धन्यबाद प्रदान गर्नुभई सभाको सम्पुर्ण प्रस्तावहरु उपर समर्थन रहेको जानकारी गराउनुभयो । संचालक समितिको प्रतिवेदन समय सान्दर्भिक रहेको तथा कम्पनीका संचालक समितिका अध्यक्षको मन्तव्य उत्साहप्रद रहेको जानकारी गराउनुभयो । आगामी वर्षहरुमा समेत दोहोरो अंकको लाभांस प्रदान गर्न आवश्यक रणनीति बनाउँदै गएकोमा प्रसन्नता व्यक्त गनभयो । कम्पनीले कायम गरेको बजार हिस्साले कम्पनीको कार्यहरु सन्तोषप्रद रहेको देखाउने र भविष्यमा बीमा दाबीलाई चुस्त बनाउँदै उत्कृष्ट बीमा सेवा प्रदान गर्नका लागि शुभकामना दिनुभयो । सामान्य प्रस्ताव अन्तर्गतको लेखापरीक्षक नियुक्ती सम्बन्धि प्रस्ताव अन्तर्गत साविककै लेखापरीक्षक नियुक्त गर्त सुझाव व्यक्त गर्नुभयो । आगामी वर्ष समयमै लेखापरीक्षण सम्पन्न गरी समयमै वार्षिक साधारणसभा सम्पन्न गर्नका लागि अनुरोध गर्नभयो ।

**घ. श्री जगनाथ आचार्य**

आ.व.२०८०।८१ को वार्षिक साधारण सभा अन्य बीमा कम्पनीहरु भन्दा चाँडो सम्पन्न गर्न सकेको तथा इका नेपालबाट ए प्लस रेटिङ प्राप्त गरेकोमा प्रसन्नता व्यक्त गर्नभयो । कम्पनीको वित्तीय सुचाकंहरु राम्रो रहेको जानकारी गराउनुभयो । बैंक तथा वित्तीय संस्थामा प्राप्त हुने व्याजदर परिवर्तन हुने कारण कम्पनीको लगानीलाई विविधिकरण गर्दै जानुपर्ने तथा कम्पनीको व्यवसाय वृद्धिका लागि कम्पनीका शेयरधनीहरुबाट समेत योगदान दिनुपर्ने जानकारी गराउनुभयो । कम्पनीका शेयरधनीहरुले कम्पनीबाट बीमालेख खरीद गर्दा विशेष छुटको व्यवस्था गर्न अनुरोध गर्नुभयो । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चहरुलाई निरन्तरता दिँदै संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत काठमाण्डौ जस्तो व्यस्त ठाउँमा नि:शुल्क शौचालयको व्यवस्था गर्नका लागि अनुरोध गर्नुभयो । आगामी वर्षहरुमा समेत आकर्षक लाभांस प्रदान गर्नका लागि शुभकामना व्यक्त गर्नुभयो ।

**ङ. श्री उत्तम दत्त पाण्डे**

बैंक तथा वित्तीय संस्थाको मुद्धती निक्षेपमा आउने उतार चढावलाई मध्यनजर गरी कम्पनीको कुल लगानी मध्ये १५ प्रतिशत लगानी पुर्वाधार क्षेत्रमा गरिएको कार्य स्वगतयोग्य रहेको जानकारी गराउनुभयो । साथै भविष्यमा बण्डहरुमा लगानी वृद्धि गर्न सुझाव दिनुभयो । यस वर्ष कर अधिको नाफामा भएको वृद्धि राम्रो रहेको जानकारी गराउनुभयो । गत वर्ष विभिन्न कारणले लाभांस प्राप्त नभएतापनि यस वर्ष १०.५२३ प्रतिशत लाभांस प्रस्ताव गनुभएकोमा धन्यबाद प्रदान गर्नुभयो । गत वर्ष भन्दा अधिक बीमा शुलक संकलन गर्न सफल भएको तर इन्जिनियरिङमा बीमा शुल्क घटेको जानकारी गराउनुभयो । साधारण सभा सम्पन्न गर्न सफल पहिलो कम्पनी भएको तथा विभिन्न पुरस्कारहरुबाट सम्मानित भएकोमा प्रसन्नता व्यक्त गर्नुभयो । अन्य बीमा कम्पनीहरुसंगको मर्जर बीना नै न्युनतम चुक्ता पुँजी कायम गर्न सफल भएको तथा RBC बमोजिमको economic capital समेत राम्रो रहेकोमा प्रसन्नता व्यक्त गर्नुभयो । CSR अन्तर्गत भएका खर्चहरु स्वागत योग्य रहेको जानकारी गराउनुभयो ।

**च. श्री भेष राज भण्डारी**

कम्पनीका प्रमुख कार्यकारी अधिकृतको प्रस्तुतीबाट सम्पुर्ण शेयरधनीको जिज्ञासा अग्रिम रुपमा नै प्राप्त भएको जानकारी गराउनुभयो । कम्पनीबाट प्रस्ताव भएको १० प्रतिशतको बोनस शेयर स्वागतयोग्य रहेको र आगामी वर्ष अझ राम्रो बोनस शेयर वितरण गर्नका लागी शुभकामना व्यक्त गर्नुभयो । कम्पनीले सुरुदेखि इका नेपालबाट ए

प्लसको रेटिङ प्राप्त भएको गौरवको विषय रहेको जानकारी गराउनुभयो । लघुबीमा, सामुद्रिक बीमामा समेत थप व्यवसाय विस्तार गर्नका लागी सुझाव प्रदान गर्नुभयो । गत आ.व. भन्दा ९७ प्रतिशतको खुद नाफा आर्जन गरेको जानकारी गराउनुभयो । विगतमा ६३ प्रतिशत सम्मको बोनस शेयर प्रदान गर्न सफल कम्पनीले आगामी वर्षहरुमा शेयरधनीहरुलाई निरास नबनाई आकर्षक बोनस शेयर प्रदान गर्नका लागि अनुरोध गर्नुभयो । रिटर्न अन इन्भेष्टमेन्ट र नेट अर्नड प्रिमियममा थप सुधारको लागि सुझाव प्रदान गर्नुभयो ।

**छ. श्री उद्धव प्रसाद घिमिरे**

नेपाल सरकारबाट उत्कृष्ट बीमा कम्पनीका रुपमा पुरस्कार प्राप्त भएकोमा प्रसन्नता व्यक्त गर्नुभई आगामी वर्षहरुमा समेत अन्य पुरस्कारहरु प्राप्त गर्नका लागि शुभकामना दिनुभयो । । कम्पनीले ए प्लसको रेटिङ प्राप्त भएकोमा धन्यबाद ज्ञापन गर्नुभई आगामी वर्ष डबल ए को रेटिङ प्राप्त गर्नका लागि शुभकामना दिनुभयो । ब्यालेन्स सिटको पोर्टफोलियो, रिजर्भ तथा अन्य विवरणहरु राम्रो रहेको जानकारी गराउनुभयो । कम्पनीको टिमवर्क तथा म्यानेजमेन्ट टिम, संचालक समिति तथा कपोरेट गर्भनेन्स राम्रो रहेको जानकारी गराउनुभयो । कम्पनीले digitalization मा राम्रो गर्दै गएकोमा आगामी समयहरुमा यसलाई थप प्रवर्द्धन गर्न सुझाव दिनुभयो । महिला कमचारहिरुलाई महिनाको एक दिन महिनावारी बिदा प्रदान गरेकोमा धन्यबाद दिनुभयो । वार्षिक विवरणमा महिला कर्मचारी तथा पुरुष कर्मचारको अनुपात सम्बन्धमा समेत जानकारी दिनुहुन अनुरोध गर्नुभयो ।

**ज. श्री गुण राज भट्ट**

गत आ.व.मा लाभांस प्राप्त नभएकोमा यस वर्ष बोनस शेयर प्रस्ताव गर्नुभएकोमा धन्यबाद दिनुभई कम्पनीको पुँजीलाई थप वृद्धि गर्दै जान सुझाव दिनुभयो । कम्पनीको संस्थागत सुशासन राम्रो रहेकोमा धन्यबाद दिनुभयो । कम्पनीका प्रमुख कार्यकारी अधिकृतको पुनः नियुक्तिका लागि संचालक समितिलाई धन्यबाद दिनुभई प्रमुख कार्यकारी अधिकृतलाई थप सफलताको शुभकामना दिनुभयो । यस वार्षिक साधारण सभाको सम्पुर्ण प्रस्तावहरुमा आफ्नो समर्थन रहेको जानकारी गराउनुभयो ।

**झ. श्री चन्द्र नारायण श्रेष्ठ**

कम्पनीले यस वर्ष १०.५२६३ प्रतिशत लाभांस प्रदान गरेकोमा संचालक समिति तथा कर्मचारी वर्गलाई धन्यबाद ज्ञापन गर्नुभयो । बैंकको मुद्धती निक्षेपमा प्राप्त हुने व्याजदर घटदै गइरहेकोले व्याज आम्दानी घटदै गइरहेकोले यसलाई परिपुर्ति गर्नका लाीग व्यवस्थापन पक्षलाई अनुरोध गर्नुभयो । कम्पनीको बीमाशुल्क आम्दानीको अनुपातमा नाफा वृद्धि गर्न विशेष ध्यान दिन अनुरोध गर्नुभयो । आगामी वर्ष अझ राम्रो लाभांस प्रदान गर्नका लागि अनुरोध गर्नुभयो ।

**ञ. श्री बैजु नाथ रौनियार**

देशको आर्थिक अवस्था राम्रो नभएको अवस्थामा समेत कम्पनीले १० प्रतिशत बोनस शेयर तथा बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि नगद लाभासं प्रस्ताव गरेकोमा शेयरधनीहरु सबै खुसी भएको र आगामी वर्षहरुमा समेत आकर्षक लाभांसको अपेक्षा रहेको जानकारी गराउनुभयो । परिपालना अधिकृतको प्रतिवेदनमा चार वटा बुँदामा परिपालना हुन नसकेको तथा आशिंक पालना भएको उल्लेख भएको हुँदा सोलाई सुधार गर्दै जान सुझाव दिनुभयो । कम्पनीले ए प्लसको रेटिङ प्राप्त गरेकोले कम्पनी सुरक्षित रहेकोले निर्धक्कका साथ लगानी गर्न सकिने शेयरधनीहरुलाई जानकारी गराउनुभयो । महिला कर्मचारीहरुको लागि थप सुविधा प्रदान गरेकोमा धन्यबाद ज्ञापन दिनुभयो । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत उल्लेखनीय कार्य गरेको जानकारी गराउनुभयो । नेपाल बीमा प्राधिकरणबाट बीमा प्राधिकरणबाट तोकिएको शर्तहरुको पालना गर्नका लागि सुझाव प्रदान गर्नुभयो । वार्षिक साधारण सभाको सम्पुर्ण प्रस्तावहरु उपर आफ्नो समर्थन रहको जानकारी गराउनु भयो । कम्पनीको प्रमुख कार्यकारी अधिकृतमा श्री दिप प्रकाश पाण्डेलाई निरन्तरता दिनुभएकोमा संचालक समितलाई हार्दिक धन्यबाद प्रदान गर्नभयो ।

**ट. श्री ब्यास कुमार शाह**

कम्पनीको यस आर्थिक वर्षको वार्षिक विवरण विस्तृत रुपमा तयार गरिएको जानकारी गराउनुभयो । देशको विषम आर्थिक परिस्थितिमा समेत कम्पनीले आफ्नो जोखिम व्यवस्थापनलाई सबल बनाउँदै लाग्नुका साथै कम्पनीको व्यवसायमा समेत आकर्षक विस्तार गरेको जानकारी गराउनुभयो । कम्पनीले ए प्लसको रेटिङ प्राप्त गरेबाट कम्पनीको वित्तीय अवस्था एकदम बलियो रहेको संकेत दिलाउने जानकारी गर्नुभयो । यसका लागि कम्पनीका प्रमुख कार्यकारी अधिकृतका साथै कम्पनीका हरेक कर्मचारी बधाईका पात्र रहनुभएको जानकारी गराउनुभयो । निर्जिवन बीमा क्षेत्रमा सबैभन्दा पहिले वार्षिक साधारण सभा सम्पन्न गर्न सफल भएकोमा धन्यबाद ज्ञापन गर्नुभयो । दिर्घकालिन दायित्व थप गर्ने किसिमले कर्मचारी थप नगरी भएका कर्मचारीहरुको क्षमता तथा दक्षता विस्तार गर्ने कार्ययोजना बनाउन सुझाव दिनुभयो तथा कम्पनीको शाखा विस्तार गर्दा लागत नबढने गरी गर्न सुझाव दिनुभयो । गत आवमा दाबी खर्चलाई कम गर्दै नाफा बढाउन सककोमा धन्यबाद प्रदान गर्नुभयो ।

**ठ. श्री कुबेर श्रेष्ठ**

आगामी वार्षिक साधारण सभामा साधारण सभा सम्पन्न भए पश्चातमात्र खानाको व्यवस्था गर्नका लागि अनुरोध गर्नुभयो । कम्पनीको प्रमुख कार्यकारी अधिकृतको प्रस्तुतिको समयलाई कम गरी शेयरधनीलाई साधारण सभामा बढी समय दिनका लागि अनुरोध गर्नुभयो । कम्पनीले १० प्रतिशत बोनस शेयर वितरणको प्रस्ताव गर्नुभएकोमा धन्यवाद प्रदान गर्नुभई गत आर्थिक वर्षमा समेत पाँच प्रतिशत भएपनि लाभांस प्रदान भएको खण्डमा शेयरधनीहरुको लागि राम्रो हुने जानकारी गराउनुभयो । आगामी वर्ष समेत आकर्षक लाभांस प्रदान गर्नका लागि अनुरोध गर्नुभयो । चैत्र बैसाखमा हुने आगलागी तथा आषाढ श्रावणमा हुने वर्षालाई ध्यानमा राखेर जोखिम व्यवस्थापनको लागि आवश्यक योजना बनाउन सुझाव दिनुभयो । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत वरिष्ठ शेयरधनीहरुको लागि समेत खर्च गर्न सुझाव प्रदान गर्नुभयो । Legal and consultancy, Other program expense अन्तर्गत भएको खर्चको जानकारी दिन हुन अनुरोध गर्नुभयो ।

**ड. श्री गोभिन्द बहादुर के.सी**

बोनस शेयर तथा बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि नगद लाभांस प्रस्ताव गरेकोमा धन्यबाद प्रदान गर्नुभयो । रु. ५०० करोड भन्दा बढी बीमा शुल्क संकलन गर्ने पहिलो कम्पनी बन्न सफल तथा १३ प्रतिशत भन्दा बढीको बजार हिस्सा कायम गर्न सफल, २० वर्षमा रु.२० अर्ब भन्दा बढीको बीमा दाबी भुक्तानी गर्न सफल मर्जर विना नै रु.२५० करोडको न्युनतम चुक्ता पुँजी कायम गर्न सफल भएको कारण कम्पनी नेपालको अग्रणी निर्जिवन बीमा कम्पनीका रुपमा रहेको जानकारी गराउनुभयो । मुद्धती निक्षेपमा प्राप्त हुने व्याज घटिरहेको हुँदा कम्पनीको आम्दानी घटेको कारण कम्पनीको लागनीलाई विविधिकरण गर्दै जान सुझाव दिनुभयो । प्रत्येक वर्ष नियमित रुपमा लाभांस प्रदान गर्ने तर्फ कार्य गर्नका लागि सुझाव प्रदान गर्नुभयो ।

**ढ. श्री ध्रुब राज न्यौपाने**

कम्पनीले तयार गरेको वार्षिक प्रतिवेदन राम्रो रहेको तथा कम्पनी सम्बन्धि धेरै विवरणरु विस्तृत रुपमा तयार गरिएको जानकारी गराउनु भयो । वित्तीय विवरणमा EBDITA लाई प्रतिशतमा समेत उल्लेख गर्नका लागि सुझाव प्रदान गर्नुभयो । बीमा कोषको रकम कम भएकोले बीमा कोषको रकमलाई वृद्धि गर्दै जान सुझाव दिनुभयो तथा बीमा व्यवसायको CAGR बढाउँदै लान सुझाव दिनुभयो । कम्पनीको जाखिम व्यवस्थापन राम्रो रहेको र कम्बाइन रेसियो लाई थप घटाउँदै लान सुझाव प्रदान गर्नुभयो । कम्पनीको वासलातको आकारलाई बढाउँदै लान र Premium Retention Ratio, Renewal Ratio लाई वृद्धि गर्दै जान सुझाव दिनुभयो । कम्पनीको लगानीहरु नेपाल बीमा प्राधिकरणमा एयरमार्क गरेको कारणको जानकारी गराउन हुन अनुरोध गर्नुभयो ।

**ण. श्री युगल नारायण बसेल**

१० प्रतिशतको बोनस शेयर तथा कर प्रयोजनका लागि नगद लाभांस प्रस्ताव गर्नुभएकोमा धन्यबाद प्रदान गर्नुभयो ।

इका नेपालबाट ए प्लसको रेटिङको लागि बधाई ज्ञापन गर्नुभयो । दाबी खर्च घटेको तथा खुद नाफा बढेको सन्तोषजनक रहेको जानकारी गराउनुभयो । गत वर्ष कुनै लाभांस नदिएको कारण हाल प्रस्ताव भएको १० प्रतिशत लाभांस कम भएको जानकरी गराउँदै आगामी वर्षहरुमा आकर्षक लाभांस प्रस्ताव गर्न अनुरोध गर्नुभयो । बीमा शुल्क आर्जनमा थप वृद्धि गर्दै जान सुझाव दिनुभयो । मुद्धती निक्षेपमा व्याज दर घटदै गएको कारण लगानी विविधिकरण गर्दै जान सुझाव दिनुभयो । भ्रमण खर्च, अतिथि सत्कार खर्च तथा बैठक भत्ता खर्च रकम वृद्धि भएकोमा खर्च कम गर्न सुझाव प्रदान गुर्नभयो ।

**त. श्रीमती निरुपमा गुप्ता**

कम्पनीको नाफा, बीमा शुल्क आम्दानी, रिटन अर्निङ राम्रो रहेको जानकारी गराउनुभयो । बोनस शेयर तथा नगद लाभांसको लागि धन्यबाद प्रदान गुर्नहुँदै आगामी वर्ष थप आकर्षक लाभांस प्रदान गर्न अनुरोध गर्नुभयो । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा क्षेत्रमा समेत कार्यहरु गर्न सुझाव प्रदान गर्नुभयो । केहि शिर्षकहरुमा खर्च बढेतापनि गत आवको तुलनामा कुल खर्च घटेकोमा धन्यबाद दिनुभयो ।

**थ. श्री इन्द्र कृष्ण श्रेष्ठ**

कम्पनीको वित्तीय अवस्था राम्रो रहेको जानकारी गराउनुभयो । शेयरधनीलाई भुक्तानी दिन बाँकी रकम नरहेकोमा खुसी व्यक्त गर्नुभयो । संचालक समितिको बैठक भत्ता वृद्धि भएको हुँदा यसलाई कम गर्न सुझाव प्रदान गर्नुभयो । कम्पनीको मुद्धा मामिलाबाट समयमै किनारा लाउन सुझाव दिनुभयो । वार्षिक प्रतिवेदनमा अग्रेंजी भाषा भन्दा नेपाली भाषालाई ग्राहयता दिन सुझाव दिनुभयो । आगामी वर्ष आकर्षक लाभांस प्रदान गर्नका लागि सुझाव प्रदान गर्नुभयो ।

**द. श्री इन्द्र प्रसाद लामिछाने**

कम्पनीको लाभांसको इतिहास राम्रो रहेको तर गत वर्ष लाभांस नपाएको कारण आगामी वर्षहरुमा समेत आकर्षक प्रतिफल प्रदान गर्नका लागि कार्ययोजनाका साथ अगाडी बढन अनुरोध गर्नुभयो । कर्मचारीहरुलाई नियमित रुपमा तालिम तथा दक्षता अभिवृद्धिको कार्यक्रमहरु संचालन गर्न अनुरोध गर्नुभयो । शेयरधनीहरुले प्रदान गर्नुभएको सुझावहरुलाई माइनुट गरेर सुधारका कार्यहरु गर्दै जान सुझाव दिनुभयो । बाढी पहिरो जस्तो जोखिमको उचित जोखिम व्यवस्थापन गर्न सुझाव प्रदान गर्नुभयो । आगामी वर्ष समय मै साधारण सभा सम्पन्न गर्न अनुरोध गर्नुभयो ।

**ध. श्री राम गोपाल महर्जन**

देशको विषम आर्थिक अवस्थामा समेत नाफा वृद्धि गरी १० प्रतिशतको बोनस शेयर प्रस्ताव गर्नुभएकोमा धन्यबाद प्रदान गुर्न भयो । कम्पनीको शाखा कार्यालय विस्तार गर्नुका साथै भएको शाखा कार्यालयहरुको समेत नियमित अनुगमन गर्नका लागि सुझाव पेश गर्नुभयो । कम्पनीले ए प्लसको रेटिङ प्राप्त गर्न सफल भएकोमा बधाई प्रदान गर्नुभयो । शेयरमा गरिएको लगानीलाई समयमै बिक्री गरी नाफा वृद्धि गर्न सुझाव प्रदान गर्नभयो । शेयर लगानी गर्दा एउटै कम्पनीमा धेरै concentration नबढाउन अनुरोध गर्नुभयो । नेपाल बीमा प्राधिकरणबाट जारी भएको निर्देशन तथा शर्तहरुको सुधार गर्न सुझाव प्रदान गर्नुभयो ।

**न. श्री उत्सव श्रेष्ठ**

साधारण सभा सम्पन्न भए पश्चात मात्र खानाको व्यवस्था गर्नका लागि अनुरोध गर्नुभयो । साधारण सभामा सहभागी हुनका लागि यथ्यस्थ पार्किङको व्यवस्था गर्नका लागि अनुरोध गर्नुभयो । बोनस शेयर वितरण गर्दा खण्डित शेयरलाई पनि माथिल्लो अकंमा परिणत गरि बोनस शेयर वितरण गर्न अनुरोध गर्नुभयो । कम्पनीले गरेको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु साधारण सभाबाट परित नभएको अवस्थामा जटिल अवस्थाको सृजना हुने हुँदा नेपाल बीमा प्राधिकरण समक्ष अनुरोध गरी संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धि बाध्यकारी निर्देशन हटाउनका लागि आवश्यक कार्य गर्न सुझाव प्रदान गर्नुभयो । कम्पनीले गरेको सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरुलाई औचित्यको आधारमा खर्च गर्नका लागि अनुरोध गर्नुभयो । शेयरमा गरिएको लगानीलाई लागत दरमा समेत

खुलाउनका लागि अनुरोध गर्नुभयो र समयमै शेयरलाई विक्री गरी नाफा आर्जन गर्न सुझाव प्रदान गर्नुभयो । Legal and consultancy expense अन्तर्गतको खर्च को विवरण दिनुहुन अनुरोध गर्नुभयो । Board meeting allowances, guest entertainment अन्तर्गतका खर्चहरुमा मितव्ययिता अपनाउन अनुरोध गर्नुभयो । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत काठमाण्डौमा समेत कार्यक्रमहरु सम्पन्न गर्नका लागि अनुरोध गर्नुभयो ।

**प. श्री लवराज जोशी**

कम्पनीको शेयरधनीहरुले प्रदान गरेको सुझाव अनुसार नै शिखर इन्स्योरेन्सले अल्पकालिन तथा दिर्घकालिन योजना बनाई कार्यहरु गर्दै आइरहेको जानकारी गराउनुभयो । कम्पनीले अब्बल जोखिम व्यवस्थापन सहित व्यवसाय विस्तार तथा दाबी व्यवस्थापन गर्दै आएको जानकारी गराउनु भयो । कम्पनीमा महिला कर्मचारीहरुका लागि थप सुविधा प्रदान गरेकोमा धन्यबाद प्रदान गर्नुभयो । साधारण सभा सम्पन्न भएपश्चात मात्र खानाको व्यवस्था गर्नका लागि सुझाव प्रदान गर्नुभयो । साधारण सभामा नियमित रुपमा सल्लाह तथा सुझाव हरु प्रदान गर्ने शेयरधनीहरुलाई प्रोत्साहन गर्नुपर्ने धारणा राख्नुभयो ।

**फ. श्री नर्सिङ लाल चंखु (लिखित)**

कम्पनीको वित्तीय अवस्था, व्यवसाय तथा नाफाको आवस्था सन्तोसजनक रहेको जानकारी गर्नुभयो । कम्पनीको वार्षिक विवरणले कम्पनीको strategic objective, core values, code of conduct, ethical principles को बारेमा विस्तृत रुपमा उल्लेख भएकोमा प्रसन्नता व्यक्त । लगानी विविधिकरण गर्ने कममा शिक्षा, Hospitality, Tourism sector मा लगानी बढाउन सुझाव प्रदान गर्नुभयो । आगामी वर्षहरुमा शेयरधनीहरुलाई आकर्षक प्रतिफल प्रदान गर्नका लागि योजनाबद्ध रुपमा कार्यहरु गर्नका लागि सुझाव प्रदान गर्नुभयो ।

**ब. लक्ष्मण बहादुर श्रेष्ठ (लिखित)**

आ.व.२०८०।८१ मा कम्पनीको बीमा व्यवसाय तथा वित्तीय सुचांकहरु राम्रो रहेको जानकारी गर्नुभई आगामी वर्षहरुमा समेत थप नाफामुलक व्यवसाय विस्तार गरी शेयरधनीहरुलाई आकर्षक प्रतिफल प्रदान गर्नका लागि योजनाहरु बनाउन सुझाव दिनुभयो । प्रशासनिक खर्च तथा कर्मचारी खर्चलाई कम गर्नका लागि सुझाव दिनुभयो ।

**९. शेयरधनीहरुको जिज्ञासा उपर प्रतिउत्तर :**

शेयरधनी महानुभावहरुले दिनु भएको सल्लाह र सुझावहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुहुँदै सभाका सभापतिको अनुमतिमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतबाट शेयरधनी महानुभावहरुको जिज्ञासा तथा प्रश्नहरुको निम्नबमोजिमको जवाफ दिनुभयो :

- आगामी साधारण सभामा शेयरधनी महानुभावहरुको सुविधाको लागि यथ्यस्थ पाकिङको व्यवस्था गर्ने तथा खानाको समयको आवश्यक रुपमा व्यवस्थापन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।
- Legal and consultancy expense अन्तर्गत actuarial consultancy fee, third party administration fee, pre-dispatch survey fee, HR management consultancy fee, digital transformation consultancy fee, कम्पनीका कानुनी सल्लाहकारलाई प्रदान गरिएको consultancy fee लगायतका खर्चहरु समावेस भएको कारण legal and consultancy fee अधिक देखिएको जानकारी गराउनु भयो ।
- Other Program Expenses अन्तर्गत नेपालका सर्भेयरहरुको क्षमता अभिवृद्धि गर्नका लागि आयोजना गरिएको surveyors seminar program, बीमा क्षेत्रसंग सम्बन्धित समसामियक विषयमा गरिएको अन्तकृया कार्यक्रमहरु, कम्पनीको संचालक समतिको अध्यक्षको स्वागत तथा पूर्व अध्यक्षको विदाई कार्यक्रमका लागि भएको खर्चहरु समावेस भएको बारे बैठकमा जानकारी गराउनुभयो ।
- कम्पनीले business promotion तथा guest entertainment अन्तर्गत भएका खर्चहरुबाट कम्पनीको व्यवसाय वृद्धिमा मदत मिलेको जानकारी गराउनुभयो ।

- कम्पनीबाट भएका संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमहरुको औचित्यका सम्बन्धमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीको लाभांस क्षमताको सन्दर्भमा रु.१० करोडमा स्थापना भएको कम्पनीले २० वर्षमा ३०० प्रतिशतको लाभांस प्रदान गरी विना मर्जर २६५ करोडको चुक्ता पुँजी कायम गरेको तथा चुक्ता पुँजीमा भएको वृद्धिका कारण लाभांसको प्रतिशत कम भएको जानकारी गराउनुभयो । आगामी वर्षहरुमा कम्पनीले गरेको लगानीको प्रतिफलका कारण दोहोरो अंकको लाभांस प्रदान गर्न सकिने जानकारी गराउनुभयो ।
- कम्पनीको व्यवसायको प्रकृति अनुरुप, प्राकृतिक प्रकोप तथा मौसम परिवर्तन सम्बन्धि जोखिमहरु, नेपाल बीमा प्राधिकरणबाट जारी निर्देशनहरु तथा अन्तराष्ट्रिय अभ्यास अनुरुपनै कम्पनीको जोखिम व्यवस्थापन तथा पुनर्बीमा व्यवस्थापन सम्बन्धि कार्यहरु गर्दै आएको जानकारी गराउनुभयो ।
- शेयरधनी महानुभावहरुबाट प्रदान भएको सुझावहरुलाई कार्यान्वयन गर्नका लागि योजनावद्ध रुपमा कार्यहरु गर्दै जाने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

## ९. वार्षिक साधारण सभाका प्रस्तावहरु उपर सभाको निर्णय :

साधारण सभाको सभापतिज्यूको अनुमतिमा प्रमुख कार्यकारी अधिकृत श्री दिप प्रकाश पाण्डेज्यूबाट साधारणसभाको छलफलका विषयसूचीमा उल्लेखित प्रस्तावहरु पारित गर्नका लागि सभासमक्ष प्रस्तुत गरिएकोमा सभाबाट देहायअनुरुप निर्णयहरु पारित गरियो ।

**सामान्य प्रस्तावहरुतर्फ**

**१.१ आ.व.२०८०।८१ को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी सोलाई पारित गर्ने बारे ।**

आ.व.२०८०।८१ को संचालक समितिको बार्षिक प्रतिवेदन पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

**१.२ आ.व. २०८०।८१ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्ने बारे ।**

आ.व. २०८०।८१ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

**१.३ आ.व.२०८१।८२ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने बारे ।**

यस प्रस्ताव सम्बन्धमा नेपाल चार्टड एकाउण्टेण्ट्स संस्थाबाट जारी "लेखाव्यवसायी फर्मको मापदण्ड तथा शुल्क सम्बन्धी निर्देशिका, २०७८ (पहिलो संसोधन, २०८०)" बमोजिम रु. ५ अरव देखि रु. ७.५ अरब सम्म बीमा शुल्क संकलन गर्ने बीमा कम्पनीको न्युनतम लेखापरीक्षण शुल्क (मु.अ.कर बाहेक) रु.१० लाख तोकिएको बारे प्रमुख कार्यकारी अधिकृतबाट सभामा जानकारी गराउनुभयो । आ.व.२०८१।८२ को वित्तीय विवरणहरुको लेखापरीक्षण गर्नका लागि हालकै लेखापरीक्षक श्री जि.पि.राजबाहक एण्ड कम्पनी चार्टड एकाउण्टेण्ट्स योग्य हुनुभएकोले कम्पनीको लेखापरीक्षण समितिबाट लेखापरीक्षण शुल्कबापत (मु.अ.कर बाहेक) रु.१,०००,००० (अक्षरेपी रु दश लाख), कर लेखापरीक्षण शुल्क बापत रु.३०,००० (अक्षरेपी रु. तीस हजार ) र विस्तृत लेखापरीक्षण शुल्कबापत रु.३०,००० (अक्षरेपी रु. तीस हजार) भुक्तानी गर्ने गरी लेखापरीक्षक नियुक्तिको लागि सिफारिस सहित प्रस्ताव भएकोबारे सभामा जानकारी गराउनुभयो । यस प्रस्तावलाई पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

शिखर इन्स्योरेन्स कं. लि. काठमाडौं

**१.४ संचालक समितिवाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पूँजीमा ०.५२६३ प्रतिशतका दरले नगद लाभांस रु १३,९७३,४०७ (अक्षरेपी रु. एक करोड उनान्चालिस लाख त्रिहत्तर हजार चार सय सात मात्र) पारित गर्ने बारे (प्रस्तावित लाभांसको कर प्रायोजनार्थ)**

संचालक समितिवाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजीमा ०.५२६३ प्रतिशतका दरले नगद लाभांस रु १३,९७३,४०७ (अक्षरेपी रु. एक करोड उनान्चालिस लाख त्रिहत्तर हजार चार सय सात मात्र) ( प्रस्तावित लाभांसको कर प्रायोजनार्थ) पारित गर्ने प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

**१.५ कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना परिवर्तन गर्ने बारे ।**

कम्पनीको रजिष्टर्ड कार्यालय सम्बन्धमा कम्पनीले काठमाण्डौ महानगरपालिका वडा नं ११ स्थित आफ्नै भवनबाट प्रधान कार्यालय संचालन गरेपश्चात कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना परिवर्तन गर्न आवश्यक भएको हुँदा कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना परिवर्तन गरी काठमाण्डौ महानगरपालिका वडा नं ११ कायम गर्ने प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

**१.६ विविध**

विविध तर्फ छलफलका कुनै विषयहरु नभएको जानकारी गराइयो ।

**२ विशेष प्रस्ताव**

**२.१ सञ्चालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजीमा १० प्रतिशतका दरले रु. २६५,४९४,७२० (अक्षरेपी रु. छब्बीस करोड चौवन्न लाख चौरानब्बे हजार सात सय बीस मात्र) को बोनस शेयर पारित गर्ने बारे ।**

सञ्चालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजीमा १० प्रतिशतका दरले रु. २६५,४९४,७२० (अक्षरेपी रु. छब्बीस करोड चौवन्न लाख चौरानब्बे हजार सात सय बीस मात्र) को बोनस शेयर पारित गर्ने प्रस्ताव निर्णयार्थ पेश हुँदा साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो । बोनस शेयर बितरण गर्दा खण्डित शेयरको हकमा माथिल्लो नजिकको अंकमा परिणत गर्ने र सो गर्दा शेयर स्वामित्व अनुपात (पुँजी प्रतिशत) कायम राख्ने गरी जारी पुँजी तथा चुक्ता पुँजी संसोधन गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो । खण्डित शेयरलाई माथिल्लो अंकमा परिणत गरि बोनस शेयर वितरण गर्दा आवश्यक थप शेयर तथा साविककै शेयर अनुपात कायम गर्न आवश्यक थप शेयर गरी कुल २६,५७०.८ कित्ता शेयर बापत रु.२,६५७,०८० कम्पनीको जगेडा कोषबाट वितरण गर्ने गरी थप शेयर जारी गर्ने निर्णय सर्व सम्मतिबाट पारित गरियो । साथै, थप शेयरको कर प्रयोजनको लागि आवश्यक रकम रु.१३९,८४६.३२ नगद लाभांसको रुपमा कम्पनीको जगेडा कोषबाट वितरण गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो । यस सम्बन्धमा अन्य आवश्यक कार्य गर्नका लागि तथा खण्डित शेयरलाई माथिल्लो नजिकको अकंमा परिणत गर्दा तथा शेयर अनुपात कायम गर्दा शेयर संख्या थपघट गर्न संचालक समितिलाई आवश्यक अख्तियारी प्रदान गर्ने निर्णय सम्पूर्ण शेयरधनीहरुबाट सर्वसम्मतीबाट पारित गरियो ।

**२.१ कम्पनीबाट गरिएको चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु अनुमोदन गर्ने वारे ।**

कम्पनीबाट गरिएको चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु अनुमोदन गर्ने सम्बन्धि विशेष प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

काठमाडौं

२.२ **<u>प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने बारे । संसोधित प्रवन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार फेरबदल गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने बारे ।</u>**

उपरोक्त विशेष प्रस्ताव निर्णयार्थ पेश हुँदा प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने तथा संसोधित प्रवन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार फेरबदल गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने निर्णय सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

**१०. धन्यवाद ज्ञापन**

कम्पनीको २० औं वार्षिक साधारण सभाको सम्पुर्ण विषयहरुमा छलफल भई आवश्यक निर्णय भएको र अन्य छलफलका विषय नभएकोले अध्यक्षज्यूले सभामा उपस्थित हुनु भई आ-आफ्ना प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गरी २० औं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आमन्त्रित महानुभावहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

सुरज राजवाहक
कम्पनी सचिव

शिखर इन्स्योरेन्स कं. लि. * काठमाडौं *

गौरव अग्रवाल
अध्यक्ष